# ग्रामिण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरुको २०७८ साल  असार मसान्तसम्मको प्रगति बिबरण

## १.  भौतिक प्रगतिः

### १.१ ब्रोडव्याण्ड ईन्टरनेट सेवा उपलव्ध गराउने परियोजनाः

ग्रामिण दूरसञ्चार बिकास कोष परिचालन गरी ब्रोडव्याण्ड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजहरु मध्ये १५ वटा प्याकेजहरु मार्फत ६० जिल्लाहरुका तोकिए बमोजिमका स्थानहरूमा १००% तथा  २ वटा प्याकेज मार्फत १० जिल्लाहरुका तोकिए बमोजिमका स्थानहरूमा ५०% भन्दा बढी कार्य सम्पन्न भई सेवा सञ्चालनमा रहेको अवस्था छ। साथै एउटा प्याकेज मार्फत ४ जिल्लाहरुका तोकिए बमोजिमका स्थानहरूमा नेटवर्क तथा कनेक्टिभिटी जडानको लागि सेवा प्रदायक छनौट भई निर्माण कार्य भईरहेको छ। हालसम्म जडान कार्य सम्पन्न भई सञ्चालनमा रहेका Site हरुको बिबरण यस प्राधिकरणको Website मा रहेको लिङ्क https://nta.gov.np/en/nta-rtdf-progress/ मा हेर्न सकिन्छ।

सम्पन्न भएका परियोजनाहरु मध्ये हालसम्म ६ वटा परियोजनाको Monitoring तथा Verification को कार्य सम्पन्न भइसकेको, २ वटा परियोजनाको प्राधिकरणबाट नियुक्त परामर्शदाताहरुबाट Phase I अन्तर्गतको Monitoring तथा Verification को कार्य भइरहेको, २ वटा परियोजनाहरुको Phase II अन्तर्गतको Monitoring तथा Verification को कार्य भइरहेको छ।

**२०७८ असार  मसान्तसम्म उपरोक्त उल्लेखित ब्रोडव्याण्ड परियोजनाहरुको संक्षिप्त भौतिक प्रगति बिबरण यस प्रकार रहेकोः**

| विवरण | स्थानिय निकायको कार्यालय | वडा कार्यालय | माध्यमिक विद्यालय | स्वास्थ्य संस्थाको संख्या | कुल |
|---|---|---|---|---|---|
| सम्झौता भएका १८ प्याकेजका साईट संख्या | ७०२ | ५,९३३ | ५,२२५ | ४,१२२ | १५,९८२ |
| इन्टरनेट जडान सम्पन्न भएको | ६६३ | ५,२६४ | ४,६४० | ३,६५१ | १४,२१८ |
| जडान गर्न बाँकि संख्या | ३९ | ६६९ | ५८५ | ४७१ | १,७६४ |

| | | | | | |
|---|---|---|---|---|---|
| इन्टरनेट जडान सम्पन्न प्रतिशत (%) | ९४.४४ | ८८.७२ | ८८.८० | ८८.५७ | ८८.९६ |

**१.२ मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमूकाम जोड्ने सूचना महामार्ग:**

ग्रामिण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजहरु मार्फत अगाडी बढाइएको छ ।

१. **प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश):** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी निजबाट कार्य शुरु भएको छ। हालसम्म १००६ कि. मि. अप्टिकल फाईबर बिछ्याउने कार्य, २७ वटा DWDM System हरुको जडान भई Cluster 1 साईटहरुको Commissioning कार्य सम्पन्न भई PAT कार्य प्रक्रियामा रहेको र Cluster 2 साईटहरुको Commissioning कार्य प्रक्रियामा रहेको। ४७ वटा Core Router Equipment हरु जडान गर्ने कार्य सम्पन्न भई Comprehensive Technical Verification कार्य सम्पन्न तथा Cluster 1 र Cluster 2 को Physical PAT कार्य सम्पन्न भई Cluster 1 र Cluster 2 साइटहरुको PAC जारी भएको र Stabilization period शुरु भएको।

**२. प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश):** श्री युनाइटेड टेलिकम लि. ले २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजको सम्झौता बमोजिम कार्यको प्रगति शुन्य रहेको हुँदा आयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त नभएकोले सम्झौताको म्याद थप नगर्ने निर्णय भएको। उक्त निर्णय बदर गर्नको लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको र सो विषयमा सर्वोच्च अदालतबाट उक्त रिट निवेदनको टुङ्गो नलागेसम्म अवधी थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश भएको।

**३. प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश):** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ। उक्त कार्यको लागि ADSS को सम्झौताको भइ Detail Timeline स्वीकृत भएको र Detail survey सम्पन्न भइ Detail Implementation Plan (DIP) स्वीकृतिको प्रक्रियामा रहेको | Microwave Transmission Network को लागि बोलपत्र आव्हान भएकोमा कोरोनको दोश्रो लहरको महामारीले म्याद थप भएको। High Capacity DWDM को सम्झौता भइ Goods Shipment भईसकेको र Delivery को प्रक्रियामा रहेको। Core Router को लागि LOA जारि भई सम्झौताको प्रक्रियामा रहेको। मिति २०७७/११/०९ मा कर्णाली तथा सुदूरपश्चिम प्रदेशमा RTDF अन्तर्गत Optical Fiber

Network(UG) Package १,२,३ को बोलपत्र आव्हान भएकोमा कोरोनको दोश्रो लहरको महामारीले म्याद थप भएको।

उपरोक्त सूचना महामार्ग निर्माण गर्ने परियोजनाहरुको संक्षिप्त भौतिक प्रगति बिबरण यस प्रकार रहेको:

| **बिबरण** | **प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश)** | **प्याकेज २ (गण्डकी प्रदेश ४ र लुम्बिनी प्रदेश )** | **प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश)** |
|---|---|---|---|
| सम्झौता बमोजिम अप्टिकल फाइबरको दूरी (कि. मि.) | २१७९* | २१६० | १९९२ |
| हालसम्म सम्पन्न अप्टिकल फाइबरको दूरी (कि. मि.) | १००६ | x | x |
| हालसम्मको अप्टिकल फाइबर बिछ्याउने कार्यको प्रगति (प्रतिशत) | ४६.१६ | x | x |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने उपकरण सम्बन्धी बिबरणः | | | |
| १. DWDM System | २६(+२ जगेडा) | २१ | २८ |
| २. Core Router Equipment | ४८ | ७३ | ५६ |
| हालसम्म जडान गरिएको उपकरण सम्बन्धी बिबरणः | | | |

| | | | |
|---|---|---|---|
| १. DWDM System | २७** | X | X |
| २. Core Router Equipment | ४७ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने माईक्रोवेभ लिंक सम्बन्धी बिबरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | 18 hops |
| हालसम्म जडान गरिएको माईक्रोवेभ लिंक सम्बन्धी बिबरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | X |

* सेवा प्रदायकबाट Detail Implementation Plan भए पश्चात २०८३.५५१ कि.मि. मात्र हुन आएको ।

** सेवा प्रदायकले जगेडाको रुपमा रहेको २ थान DWDM Test Bench को रुपमा पोखरा र बुटवलमा जडान गरेको ।

### १.३ आधारभुत बिद्यालयहरुमा कम्तिमा 20 Mbps क्षमताको Non-Dedicated ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्ने कार्यक्रम सम्बन्धमा:

ग्रामिण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरु मध्ये भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरु (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का सबै स्थानिय तहको कार्यालयहरु, वडा कार्यालयहरु, सामुदायिक माध्यमिक विद्यालयहरु, सामुदायिक स्वास्थ्य संस्थाहरुमा क्षमता अभिवृद्धि गर्न र जडान गर्न र सम्पूर्ण आधारभुत विद्यालयहरु गरी करिब ४,२५१ स्थानहरुमा कम्तिमा 20 Mbps क्षमताको Non-Dedicated ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गरी २ बर्ष सम्मको लागि महशुल बापतको रकम उपलब्ध गराउन प्राधिकरणको मिति २०७८।१।३१ को

बैठकबाट निर्णय भए बमोजिम उक्त कार्यको लागि सम्बन्धित गाउँपालिका/नगरपालिकाहरुसंग समझदारी-पत्रमा हस्ताक्षर गरी उपरोक्त बमोजिमको कार्य अगाडी बढाउनको लागि सूचना प्रकाशन गरी कार्य अगाडी बढाइएको।

उक्त कार्य अन्तर्गत असार मसान्तसम्ममा कुल ७६ मध्ये ६९ गाउँपालिका/नगरपालिकाहरुसँग समझदारी-पत्रमा हस्ताक्षर भई कार्य अगाडी बढिरहेको।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।१०।२९ को म. प. बै. सं. ६६/०७७ को निर्णय कार्यान्वयनका लागि भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरु र काठमाडौं उपत्यका बाहेकका ६६ जिल्लाहरुका सम्पूर्ण सामुदायिक आधारभुत बिद्यालयहरुमा कम्तिमा 20 Mbps क्षमताको Non-Dedicated ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्न कार्यक्रम अघि बढाइएको छ। उक्त कार्यको लागि स्थानिय तहसँग समझदारी-पत्रमा हस्ताक्षर गर्न मिति २०७८।०२।१७ गते सार्वजनिक सूचना समेत प्रकाशन गरिएको।

उक्त कार्य अन्तर्गत असार मसान्तसम्ममा कुल ६५६ मध्ये १९३ गाउँपालिका/नगरपालिकाहरुसँग समझदारी-पत्रमा हस्ताक्षर भई कार्य अगाडी बढिरहेको।

**२. बित्तीय प्रगति:**

हालसम्म उपरोक्त ब्रोडव्याण्ड तथा सूचना महामार्ग परियोजनाहरुको संक्षिप्त बित्तीय प्रगति बिबरण यस प्रकार रहेको ।

| **विवरण** | **रकम** |
|---|---|
| ब्रोडब्याण्ड परियोजना जम्मा सम्झौता रकम | रु. ५,६७,४६,९१,२७६।३९ |
| सूचना महामार्ग परियोजना जम्मा सम्झौता रकम | रु. ९,८९,१७,००,०००।०० |

| | |
|---|---|
| हाल सम्म ब्रोडब्याण्ड परियोजनाको लागि सेवा प्रदायकहरुलाई गरिएको भुक्तानी | रु. ३,३८८,७९३,४५८.०२ |
| हाल सम्म ब्रोडब्याण्ड परियोजनाको बित्तीय प्रगति प्रतिशत (%) | ५९.७१ |
| हाल सम्म सूचना महामार्ग परियोजना परियोजनाको बित्तीय प्रगति | प्याकेज १ को लागि Advanced Payment बापत रु ६१,५५,११,७७९।६३ तथा भन्सार महशुल बापत रु १२,८०,२०,४५७।०० मात्र भुक्तानी गरिएको। प्याकेज २ को लागि Advanced Payment बापत रु ४०,२०,००,०००।०० मात्र भुक्तानी गरिएको। |

.........................

सन्तोष पौडेल

प्रवक्ता

निर्देशक

नेपाल दूरसञ्चार प्राधिकरण